प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा तहको एक बिषयको मौका परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८०।११।२० गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०८०।१०।२९ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित प्रि-डिप्लोमा तहका सम्पुर्ण कार्यक्रमहरु(प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति र औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) २४ महिने कार्यक्रम समेत) अध्ययन गरेका परीक्षार्थीहरुको २०८० बैशाख महिनामा संचालन भएको बार्षिक परीक्षामा नियमित तर्फका परीक्षार्थीहरु मध्येबाट सैद्धान्तिक तर्फ एक बिषय मात्र अनुत्तीर्ण भएका परीक्षार्थीहरुलाई **एक बिषयको मौका** परीक्षाका लागि परीक्षा आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम रितपुर्वक परीक्षा आवेदन फाराम भरेका परीक्षार्थीहरुको मिति २०८०।११।२६ गते शनिवार बिहान ८:०० बजेदेखि संचालन हुने सैद्धान्तिक परीक्षा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको सिफारिशमा देहाय बमोजिम परीक्षा केन्द्रहरु कायम गरिएको व्यहोरा मिति २०८०।११।१८ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परीक्षा संचालन हुने मिति २०८०।११।२६ गते समय बिहान ८:०० बजे देखि**

### कोशी प्रदेश अन्तर्गतका परीक्षा केन्द्रहरु

| केन्द्र नं | परीक्षा केन्द्र | शिक्षालयको नाम, ठेगाना |
|---|---|---|
| १.१ | **श्री जनता बहुमुखी क्याम्पस, पचरूखी, इटहरी, सुनसरी** | कोशी प्रदेश अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाका बिद्यार्थीहरु |

### मधेश प्रदेश अन्तर्गतका परीक्षा केन्द्रहरु

| केन्द्र नं | परीक्षा केन्द्र | शिक्षालयको नाम, ठेगाना |
|---|---|---|
| २.१ | **सक्कल भवन कन्या मा.बि, जनकपुरधाम, धनुषा** | मधेश प्रदेश अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाका बिद्यार्थीहरु |

### बागमती प्रदेश अन्तर्गतका परीक्षा केन्द्रहरु

| क.स. | परीक्षा केन्द्र | शिक्षालय |
|---|---|---|
| ३.१ | **बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ** | बागमती प्रदेश अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाका बिद्यार्थीहरु |

### गण्डकी प्रदेश अन्तर्गतका परीक्षा केन्द्रहरु

| क.स. | परीक्षा केन्द्र | शिक्षालय |
|---|---|---|
| ४.१ | **पोखरा प्राविधिक शिक्षालय, फूलवारी, पोखरा, कास्की** | गण्डकी प्रदेश अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाका बिद्यार्थीहरु |

### लुम्बिनी प्रदेश अन्तर्गतका परीक्षा केन्द्रहरु

| केन्द्र नं | परीक्षा केन्द्र | शिक्षालयको नाम, ठेगाना |
|---|---|---|
| ५.१ | **कोरिया नेपाल पोलिटेक्निक इन्स्टिच्युट, तामनगर, रूपन्देही** | लुम्बिनी प्रदेश अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाका बिद्यार्थीहरु |

### कर्णाली प्रदेश अन्तर्गतका परीक्षा केन्द्रहरु

| केन्द्र नं | परीक्षा केन्द्र | शिक्षालयको नाम, ठेगाना |
|---|---|---|
| ६.१ | **राष्ट्रिय प्राविधिक शिक्षालय, वीरेन्द्रनगर, सुर्खेत** | कर्णाली प्रदेश अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाका बिद्यार्थीहरु |

### सुदूर पश्चिम प्रदेश अन्तर्गतका परीक्षा केन्द्रहरु

| केन्द्र नं | परीक्षा केन्द्र | शिक्षालयको नाम, ठेगाना |
|---|---|---|
| ७.१ | **पञ्चोदय मा.बि, धनगढी, कैलाली** | सुदूर पश्चिम प्रदेश अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाका बिद्यार्थीहरु |

**नोट :**

१. उपरोक्त कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीहरुका लागि पुनः अर्को व्यवस्था गरिने छैन ।
२. लग, टेबलसिट वा कोडबुक चेक गराएर मात्र परीक्षा हल भित्र लैजान पाइने छ ।
३. परिषद् कार्यालयको पूर्व सूचना विना कुनै अप्रत्याशित विदा पर्न आएमा पनि परीक्षा स्थगित गरिने छैन ।
४. आवेदन फाराम भर्ने बारेको सूचनामा उल्लेख गरिएको शैक्षिक शत्र बाहेकका रजिष्ट्रेशन भएका परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी परीक्षामा समावेश भएमा समेत उक्त परीक्षा स्वतः रद्ध हुनेछ ।
५. परीक्षा तालीकामा कुनै बिषय छुटेमा, दोहोरिएमा त्रुटी भएमा १ हप्ता भित्र परिषद् परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क गर्नुपर्नेछ
६. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्ध हुनेछ ।
७. मोवाइल फोन, स्मार्ट वाच, डिजिटल डायरी जस्ता परीक्षामा निषेधित बस्तुहरु परीक्षा भवनभित्र साथमा लिइ जान पाइने छैन । अन्यथा केन्द्राध्यक्षले त्यस्ता सामान जफत गर्न सक्नेछ ।

**परीक्षा नियन्त्रक**